'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com


# नमस्ते कर्णाली

Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १६४ | शनिवार २६ माघ, २०८१ | 08 (Saturday) February 2025 | पृष्ठ ४, | मूल्य रु : १०।-

## कर्णाली प्रदेश सरकार योजना छनौटका लागि कानुन बनाउँदै

■ नमस्ते समचारदाता
सुर्खेत, माघ/२५



योजना छनौटका लागि कर्णाली प्रदेश सरकारले कानुन बनाउने भएको छ । यस क्षेत्रमा देखिँदै आएको बेथिति रोक्न कानुन बनाउने कार्यमा प्रदेश सरकार लागेको हो । कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले कर्णालीमा विकास गर्नेभन्दा पनि विकास खाने चलन बढेको पटक पटक भन्ने गर्दै आएका छन्। मन्त्री, मन्त्रीका सचिवालयमा र हेकाहरूले योजना हालिदिने नाममा पहिला नै पैसा असुल्ने गरेको आरोप पनि लाग्ने गरेको छ। यस क्षेत्रमा अव प्रदेश सरकार नै यो बेथिति रोक्न पहलमा लागेको छ । योजना छनोटमा क्रममा हुने बेथिति रोक्न कानुन नै बनाउने आवश्यकता प्रदेश सरकारले गरेको हो । त्यसका लागि आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि-०८१' बनाइएको छ। प्रदेश योजना आयोगले उक्त कार्यविधि बनाएको हो । तर यो कार्यविधि पास भइसकेको छैन । योजना छनोटलाई प्रभावकारी बनाउन, दोहोरोपना हटाउनेदेखि योजनाका नाममा हुने दुरुपयोगलाई हटाउने उद्देश्यसहित उक्त कानुन बनाउन लागिएको हो। नयाँ बनेको तर कार्यान्वयनमा नआएको कार्यबिधिमा कर्णालीमा जनताको आवश्यकताभन्दा पनि लक्षित समूह, पहुँच भएका नेता, कार्यकर्ताको स्वार्थमा योजना बन्ने गरेको आरोप लाग्दै आएको छ । कार्यविधिका दफा र उपदफाहरूले त्यो पूर्ण रूपमा निरुपण गर्ने देखाउँछ । प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाको पहिचान, प्रस्ताव, विश्लेषण, मूल्याङ्कन तथा प्राथमिकीकरण र छनोट प्रक्रियालाई बस्तुनिष्ठ, माग र आवश्यकतामा आधारित बनाइ छनोट प्रक्रियामा कार्यान्वयन गर्ने निकायलाई सहभागी तथा उत्तर दायी बनाउँदै आयोजना अनुशासन कायम गरी छनोट भएका आयोजना प्रदेश आयोजना बैंकमा समावेश गरिने छ,' कार्यविधिमा भनिएको छ । त्यसपछि मात्रै आयोजना छनोट तथा कार्यान्वयन प्रक्रियालाई प्रभावकारी बनाइने कार्यविधिमा उल्लेख छ । आयोजना बैंकले आयोजनामा हुने बेथितिलाई पूर्ण रूपमा रोक्ने विश्वास प्रदेश सरकारले लिएको छ। यो कार्यविधिसँगै सरकारले आयोजना बैंक पनि बनाइरहेको छ । अहिले यी दुवै विषयमा सरकारको बढी ध्यान दिने देखिएको छ । कार्यविधि अनुसार आयोजना प्रस्ताव गर्दा अब विषयगत क्षेत्रको आधारमा विभाजन गर्नुपर्ने छ । मन्त्री, सांसदहरूले अब आफूखुसी योजना हाल्न पाउने छैनन् । आयोजना छनोट गर्दा ६ वटा सामान्य आधार र दुई वटा क्षेत्रगत आधारलाई समेट्नुपर्ने छ। सामान्य आधारहरुमा प्रदेशको तीव्र आर्थिक वृद्धिमा पुऱ्याउने सहयोग, जनसहभागिताको अवस्था, दिगो विकासका समग्र लक्ष्य हासिलमा पुऱ्याउने सहयोग, सामाजिक समावेशीकरण र लैङ्गिक मूल प्रवाहीकरणमा पुऱ्याउने योगदान, आयोजनाको पूर्व तयारीको अवस्था र सम्पन्न हुन लाग्ने समय र प्रदेशको प्राथमिकता वा तुलनात्मक क्षेत्रमा पुऱ्याउने योगदानलाई ध्यन दिनु पर्नेछ । सांसदहरूले पनि आफ्नो निर्वाचन क्षेत्रभित्र कुनै आयोजना सञ्चालन गर्न आवश्यक र उपयुक्त ठानेमा त्यसको प्रस्ताव आयोगमा पेस गर्नुपर्ने कार्यविधिमा उल्लेख छ । यसअघिको जस्तो ठाडो आदेशमा मन्त्रीलाई भनेर सांसदले योजना हाल्न लगाउन पाउने छैनन् । यस्तै क्षेत्रगत आधारमा चालु प्रादेशिक

## हिउँ नपरे पछि भोकमरीको चिन्ता

■ नमस्ते समचारदाता
मुगु, माघ/२५



मध्य माघमा पनि हिउँ नपरेपछि मुगु जिल्लाका स्थानीय चिन्तित भएका छन्। हिउँदमा पर्याप्त मात्रामा हिउँ परे अन्नबाली र फलफूल उत्पादन राम्रो हुने भए पनि यस वर्षको माघ मसान्तसम्म हिउँ नपरेपछि मुगाली भोकमरीको डरले त्रसित भएका छन् । मुगु हिमाली जिल्ला भएकाले यहाँका खेतबारीमा वर्षमा दुईवटा मात्र बाली पाक्ने गर्छ। जेठ-असारमा लगाएको वर्षे बाली असोज-कार्तिकमा घर भित्र्याइन्छ भने कार्तिक-मंसिरमा लगाएको हिउँदे बाली चैत-बैशाखमा भित्र्याइन्छ। "जेठ-असारमा राम्रो वर्षा भए वर्षेबाली र हिउँदमा राम्रो हिउँ परे हिउँदे बालीले राम्रो उत्पादन दिन्थ्यो। कृषकहरूलाई छ महिनासम्म खानाको समस्या हुँदैनथ्यो। तर, यो वर्ष माघ मसान्त लाग्दा पनि हिउँ परेको छैन," छायानाथ रारा नगरपालिका वडा नं १० का स्थानीय रुप बहादुर सेजुवाल भन्छन् । कार्तिकमा लगाइएको गहुँ र जौ पानी र हिउँ नपर्दा राम्रोसँग उमेरिन सकेको छैन। उम्रेका बोटले पनि पानी नपाउँदा सुक्दै गएका छन्। हिउँ परे फाल्गुणमा पाखेधान लगाइन्थ्यो, तर यो पटक भोकमरी पर्ला जस्तो छ। हिउँदे बाली राम्रो नभए घर परिवार कसरी पाल्ने हो भन्ने चिन्ता बढ्दै गएको सेजुवाल बताउँछन्।"१० वर्षअघिसम्म असोज, कार्तिक, मंसिरमा पनि हिउँ पर्थ्यो। ती महिनामा नपरे ढिलोमा पुस र माघको पहिलो सातामा प्रायः बाक्लो हिउँ पर्थ्यो। त्यो बेला परेको हिउँ चैत (बैशाखसम्म पनि खेतबारीमा र हन्थ्यो भने हिमाल बाह्रै महिना हिउँले ढाकिएका हुन्थे। अहिले त हिमालमा हिउँ नै छैन, हामी २ वर्षदेखि राम्रोसँग हिउँ देख्न पाएका छैनौं," छायानाथ रारा नगर पालिका वडा नं ५ ढुम गाउँका स्थानीय कमल बुढा बताउँनु हुन्छ । जिल्ला स्वास्थ्य कार्यालय मुगुका प्रमुख चिकित्सक निर्मल नगरकोटी भन्छन्, "सुख्खा वातावरणले श्वासप्रश्वास सम्बन्धी हावाजन्य रोग फैलिने सम्भावना बढी हुन्छ भने बालबालिका र ज्येष्ठ नागरिक बढी प्रभावित हुन्छन्।"अन्नबाली मात्र होइन, हिउँ पर्दा स्याउ, ओखर, जडीबुटी पनि राम्रो फल्ने र पाइने हुन्छ। "अन्न कम उत्पादन भए पनि जडीबुटी संकलन गरेर, फलफूल बेचेर घरखर्च र बालबच्चाहरूको पढाइ खर्च जुटाउँथ्यौं। तर, यो वर्ष जडीबुटी र फलफूलको पनि राम्रो उत्पादन होला जस्तो छैन। अब कसरी घरपरिवार पाल्ने, घरखर्च जुटाउने होला," सोरु गाउँपालिका सीप गाउँका स्थानीय किसिम क्षेत्री चिन्ता व्यक्त गर्छन्। मौसम पूर्वानुमान महाशाखाले हिउँ पर्ने सम्भावना भएको सूचना रेडियो, टेलिभिजन र सामाजिक सञ्जालमा प्रवाह गर्दा कृषकहरू खुशी हुने तर, भोलिपल्ट हिउँ नपर्दा खिन्न हुने अवस्था छ। मुगु जिल्लाका कृषकहरू मौसमको अनिश्चिततासँगै भोकमरीको जोखिममा छन्।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

## समानिकरणको अनुदान नपठाउदा प्रदेशलाई आर्थिक भार: मुख्यमन्त्री आचार्य

■ नमस्ते समचारदाता
नेपालगन्ज, माघ/२५




लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले संघीय सरकारले गत बर्ष समानिकरणको अनुदान रकम नपठाउदा प्रदेश सरकारलाई आर्थिक भार थपिएको बताउनु भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले सात वटै प्रदेशका मुख्यमन्त्रहरुसंग गर्नु भएको भर्चुअल बैठकलाई सम्वोधन गर्दै मुख्यमन्त्री आचार्यले समानिकरणको अनुदान रकम प्राप्त नहुदा प्रदेश सरकारलाई दुई अर्ब बढी आर्थिक दायित्व थपिएको बतानु भएको हो । अहिले थपिएको दायित्व भुक्तानी गर्न असजिलो भएको भन्दै संघीय सरकारको ध्यानाकर्षण गराउनु भएको हो ।'गत बर्षको दायित्व प्रदेशमा थपिएको छ । समानिकरण अनुदानको बजेट नआउदा प्रदेशलाई आर्थिक दायित्व थपियो'उहाँले भन्नुभयो,'यस बारेमा संघीय सरकारले पुर्नविचार गरेर सम्वोधन गरेमा सहज हुने थियो ।' लुम्बिनी प्रदेशमा संघीय सरकारबाट हस्तान्तरण भएका ठेक्का आयोजनामा चालु आर्थिक बर्षमा संघीय सरकारले बजेट विनियोजन नगर्दा समस्या परेको समेत अवगत गराउनु भएको छ । सडक पूर्वाधार विकास मन्त्रालय अन्तरत १० वटा आयोजनामा बजेट नहुदा कार्यान्वयन गर्न समस्या परेको छ । खानेपानी आयोजनाहरुमा पनि आवश्यक भन्दा थोरै बजेट हुदा अन्तिम चरणमा पुगेका आयोजनाहरुलाई समेत सम्पन्न गर्न चुनौती थपिएको बताउनु भएको छ। प्रदेशमा संघीय सरकार मार्फत सञ्चालन भएका पूर्वाधार अन्तरगत सडक तथा सिंचाई आयोजनाको गति बढाउन र समयमा सम्पन्न गर्न तर्फ जोड दिनुभयो। प्रदेश सरकारले चार वटा आयोजनालाई प्रदेश गौरवको आयोजनाको रुपमा अघि बढाएको, कामहरुले गति लिएको जानकारी गराउनु भयो । भौतिक प्रगतीको आधारमा भुक्तानी गर्न बजेट अभाव रहेको भन्दै स्रोत सुनिश्चितताको लागि आग्रह गर्नु भयो। प्रदेशमा सबै वालीकोलागि २ लाख ५५ हजार मेट्रिक टन र ासायनिक मल आवश्यक पर्ने भएपनि बार्षिक ९६ हजार मेट्रिक टनको आधारमा प्राप्त हुने गरेको, रासायनिक मल आवश्यकताको आधारमा किसानलाई उपलब्ध गराउन नसकिएको, वितरण प्रक्रियालाई सहज बनाउन आग्रह गर्नु भयो । प्रदेश सरकारले सुशासन, पारदर्शीता र भ्रष्टाचार अन्त्यकालागि नीतिगत सुधार गरेर कार्यसम्पादन गरिरहेको, फजुल खर्च कटौतीलाई प्राथमिकतामा राखेको जानकारी गराउनु भयो । पूर्व बिशिष्ट व्यक्तिलाई दश बर्ष सम्म सुविधा दिने निर्णय वर्तमान सरकारले खारेज गरेको, पाँच बर्षे भ्रष्टाचार विरुद्धको रणनीतिक योजना कार्यान्वनयमा लगेको, मुख्यमन्त्री, मन्त्रिहरुलाई आचारसंहिताको कसिमा राखेको जस्ता महत्वपूर्ण निर्णयहरु गरेको बारेमा समेत जानकारी गराउनु भएको थियो ।

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## रोक्नै पर्ने बालविवाह

बालविवाह दण्डनीय अपराध हो। नेपालको फौजदारी संहिता, २०७४ को दफा १७३ अनुसार २० वर्षभन्दा कम उमेरका किशोर वा किशोरीको विवाह गराउनेलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँ जरिबानाको व्यवस्था छ। तर, व्यावहारिक रूपमा बालविवाह रोकिएको छैन। कारण के भने कानुन कार्यान्वयन कमजोर छ। सँगसँगै सामाजिक, सांस्कृतिक, आर्थिक पक्ष पनि छन्, जसका कारण बालविवाह भइरहेको छ। धेरै समुदायमा बालविवाह सामान्य छ। परिवारको 'प्रतिष्ठा' जोगाउने नाममा छोरीहरूलाई कम उमेरमै विवाह गरिदिने प्रवृत्ति छ। लिंगभेदी सोचाइले गर्दा छोरीहरूलाई आर्थिक बोझका रूपमा हेर्ने दृष्टिकोण अझै हट्न सकेको छैन। गरिब परिवारले छोरीको विवाह चाँडो गरिदिएपछि आर्थिक भार कम हुने सोच राख्छन्। नेपाल डेमोग्राफिक एन्ड हेल्थ सर्भे (एनडीएचएस) २०१६ का अनुसार नेपालमा २०–२४ वर्ष उमेर समूहका ४० प्रतिशत महिला १८ वर्षभन्दा कम उमेरमै विवाह गरिएका थिए। पहिलो त सांस्कृतिक र परम्परागत मान्यताहरू भत्काइनुपर्छ। त्यसका लागि सचेतना जरुरी छ। त्यसपछि चाहिँ कानुन कार्यान्वयन हुँदा व्यावहारिक रूपमै बालविवाह हट्न सक्छ। अपसोचको कुरा के भने बागमती प्रदेशमै बालविवाहको तथ्यांक कहालीलाग्दो छ। जब कि यो प्रदेश अरू प्रदेशको लेखी समृद्ध मानिन्छ। २०७८ को राष्ट्रिय जनगणनाअनुसार, बागमती प्रदेशका केही ग्रामीण जिल्लाहरूमा बालविवाहको दर उच्च छ। प्रदेशभर ३५ प्रतिशतभन्दा बढी बालिका १८ वर्षभन्दा कम उमेरमै विवाह गर्ने जोखिममा छन्। काठमाडौं उपत्यकामा तुलनात्मक रूपमा यो दर कम भए पनि मकवानपुर, सिन्धुली र धादिङका ग्रामीण भेगमा समस्या अझै गम्भीर छ। सरकारले २०७५ सालमा बालविवाह न्यूनीकरण राष्ट्रिय रणनीति सार्वजनिक गरेको थियो, जसले शिक्षा, कानुनी सुधार, बालिकाहरूको सशक्तीकरण तथा सामाजिक चेतना वृद्धिमा जोड दिएको छ। तर, यसको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण देखिएको छ। सरकारले २०३० भित्र बालविवाह अन्त्य गर्ने लक्ष्य राखेको छ, तर यसको प्रभावकारी कार्यान्वयनका लागि कानुनी कडाइ, शिक्षा अभियान र सामाजिक सोच परिवर्तन गर्न जरुरी छ। समाजका पुराना तथा हानिकारक परम्पराहरूलाई चुनौती दिन नसकेसम्म बालविवाह नियन्त्रण गर्न कठिन हुनेछ। कम उमेरको विवाहले व्यक्तिको स्वास्थ्यलाई मात्रै जटिल बनाउँदैन, सामाजिक रूपमा पनि थुप्रै क्षति पुऱ्याउँछ भन्ने मनन् गर्न जरुरी छ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरु संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरुले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट

बेसिक कम्प्युटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट



डिप्लोमा कम्प्युटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट


तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# सुन बोकेर नुन खोज्दै डोल्पा



उषा थापा




भूगोलका हिसाबले मुलुककै ठूलो जिल्ला डोल्पामा सुनको सिरानी हालेर नुनको खोजीमा दौडिरहेकै छ। हिमाली जिल्ला डोल्पा ठूलो जिल्लाको रूपमा परिचित छ। तर, डोल्पाको परिचय यतिमात्र हैन। डोल्पा एउटा खुला विश्वविद्यालय पनि हो। जीवन्त संस्कृति बोकेको अनुपम ठाउँ डोल्पामा सुन्दर तासँगै भौगोलिक अभाव, दुर्गम क्षेत्रका कठिनाइ र जटिलताजस्ता दुः खका अनगिन्ती खुड्किला छन्। सुनेको थिएँ, कर्णाली र कर्णालीमा पनि डोल्पा पुगेपछि मात्र नेपाल चित्रित हुन्छ भन्ने। साँच्चै रहेछ। शिक्षक सेवाको तयारी गर्दा रोजाइ डोल्पा भयो। आयोगले सिफारिस गरेपछि सदरमुकाम दुनैतर्फ बढें। जब दुनैसम्मको यात्रा भयो। बाटोमै कहालीलाग्दो कर्णाली देखें। नियुक्ति बुझ्दै काइके गाउँपालिकाको भेरी आधारभूत विद्यालयतर्फ अघि बढें। सडक नै छैन। भीरको घोडेटो बाटो। तल भेरी नदी। भेरीको तीरहुँदै बैजिबारातर्फ उकालो लागें। वरपर हेर्दा सुन्दर! भोगाइ गारो। सानो गोरेटो बाटो। झरिहाले सिधै भेरीमा। बाँच्ने कुनै आस थिएन। धारापानीको उकालो लाग्दै गर्दा पारी देखिने सहर तारा, गुम्बा तारा र टुप्पा तारा गाउँहरूको दृश्य पनि उस्तै थिए। बाँदर लड्ने भिर। बाटोमा हिँड्दै गर्दा घोडा र खच्चडले गाउँको जीविका बोकिरहेका थिए। साँच्चै यो घोडा र खच्चड नहुने हो भने खाना र दानाको भारी बोकेर कसरी जीविकाको जोहो गर्थे होला ? यस्तै अनगिन्ती प्रश्न बोकेर उकालो लाग्दै गर्दा धेरै बालबालिका ओरालो लागेको भेटे। घोडा डोऱ्याइरहेका नाङ्माङ छिरिङलाई सोधें, यी केटाकेटी किन दुनैतिर लागेका ? 'यिनीहरू दुनै हैन, पढ्न ताप्रिचा लागेका हुन्।' अभिभावकको हात समाउँदै भविष्य खोज्दै उनीहरू अर्को गाउँ पुगे। घरभन्दा धेरै टाढा। झन्डै गाडीको यात्रामा कर्णालीको राजधानी सुर्खेत पुग्नेजतिकै। हिँडेर से-फोक्सुण्डोको ताप्रिचा पुग्नुपर्ने। त्यो विद्यालय आवासीयसहित व्यवस्थित रहेछ। सबैले सन्तानको भविष्य त्यो विद्यालयमा पढेर राम्रो हुने देखे। आफ्नो बालबालिकालाई घरभन्दा धेरै टाढा भविष्य बनाउन छाडे। मनमा अनगिन्ती प्रश्न राख्दै एक दिनको हिँडाइपछि काइकेको भेरी आधारभूत विद्यालय पुगें। जिम्मेवारी सुरु भयो। चिटिक्कको विद्यालय। कक्षाकोठा र शौचालय थिए। विद्यार्थीका लागि चाहिने पुस्तक र कम्प्युटर। बत्तीको लाइन थिएन। तर, निर्धक्क धान्ने सोलार थियो। विद्यार्थी कम। हाल कक्षा ७ सम्ममा मात्र सञ्चालन भएको आधारभूत विद्यालय हो। बस्दै गर्दा यहाँको भूगोल, परिवेश, रहनसहनलगायत धेरै संस्कार र संस्कृति बुझें। बौद्ध धर्मावलम्बी, जनजाति बस्ती, उनीहरूको आफ्नै मातृभाषा खाम मेरो लागि नयाँ। कति विद्यार्थी खाम र नेपाली दुवै भाषा प्रयोग गर्थे। तर म बुझ्दिनथें। सुरुमा उनीहरूलाई बुझाउन अलि कठिन भयो। विस्तारै बानी पर्दै जाँदा उनीहरूको भाषा थोरै बुझ्न थालें। सोहीअनुसार विद्यार्थी र आफ्नो सिकाइ बढाउँदै लगें। संविधानको मौलिक हकको धारा ३१ मा उल्लेख गरिएको प्रत्येक नागरिकलाई आधारभूत तहसम्म अनिवार्य र निः शुल्क शिक्षा भनिएको छ। त्यही शिक्षा प्राप्त गर्न बालबालिका घरबाट विद्यालयको दूरी टाढा भएका कारण आफन्तको घरमा बस्न बाध्य छन्। डोल्पामा दुनैभन्दा माथि विकास उकालो लाग्न सकेको छैन। डोल्पाले शिक्षा, स्वास्थ्यलगायत दैनिक जीवनमा धेरै कष्ट भोग्दैछ। दुः ख पचाएर भए पनि जीवन धान्नुपर्ने बाध्यता जीवनका हरेक खाल्डाखुल्टीमा टिलबिल छन्। पढ्दापढ्दै बीचमा पढाइ छोड्न बाध्य छन्। आर्थिक अवस्था कमजोर भएका कारण सामान्य कापीकलम किन्न नसक्ने भएरै कुनै परिवारका बच्चाहरू आधारभूत शिक्षा प्राप्त गर्नबाट बञ्चित छन्। कुनै परिवारले राम्रो शिक्षा दिने नाममा घरभन्दा टाढा राख्न बाध्य छन्। देशका ७ प्रदेशमध्ये सबैभन्दा पिछडिएको प्रदेशका रूपमा कर्णाली प्रदेशलाई लिने गरिन्छ। राष्ट्रिय योजना आयोगले सन् २०२१ मा प्रकाशन गरेको बहुआयामिक गरिबी सूचकमा कर्णाली प्रदेशका ३९.५० प्रतिशत जनता बहुआयामिक गरिबीमा रहेको देखाएको छ। यहाँको मुख्य पेसा कृषि र पशुपालन भए पनि वर्षमा एकपटक मात्रै उत्पादन हुने कृषिले परिवार पाल्न मुस्किल छ। मुख्य आर्थिक स्रोतका रूपमा रहेको यार्सागुम्बा निश्चित मूल्य नपाउँदै आर्थिक समस्याको कारण सस्तोमा बिक्री गरी घरको गर्जो टार्न बाध्य छन्। पातलो बस्ती भौगोलिक विकटताका कारण प्रत्यक्ष असर स्वास्थ र शिक्षामा देखिन्छ। २०८५ सम्ममा प्रत्येक नागरिकले आधारभूत तह पूरा गर्नुपर्ने नीति छ। तर भूगोल, संरचना र जीविका हेर्दा २०८५ मै यो सम्भव देखिँदैन। सरकारले सबै नागरिकको गुणस्तरीय शिक्षाको लागि यस्ता समुदाय र वर्गको जीविकाको लागि पनि योजना ल्याउनुपर्ने देखिन्छ। गाउँमा स्वास्थ्यचौकी भवन छ। तर न स्वास्थ्यकर्मी, न डाक्टर न सिटामोल नै छ। पृथ्वीमा नआउँदै सास गुमाउनेहरूका कथा अनगिन्ती छन्। एकदिन म विद्यार्थीलाई पढाउँदै गर्दा फुच्चे हेलिकप्टर आयो। गाउँकी महिलाले एउटा बच्चाको जन्म दिइसकेकी थिइन्। अर्को जन्मने तरखरमा। तर ती महिलाले अर्को बच्चा जन्माउन नसकेपछि हेलिकप्टर बोलाइएको रहेछ। प्रदेश अस्पताल सुर्खेतमा बच्चा सकुशल जन्मियो। आमा र दुवै बच्चा स्वस्थ थिए। गाउँमा फर्केपछि निमोनियाका कारणले दुवै वच्चाको सास गुम्यो। नजिक अस्पताल नभएपछि, औषधि नभएपछि, डाक्टर भेट्न सहज नभएपछि दूरदराजका गाउँका यस्तै नवजात शिशुहरूले अकालमा ज्यान गुमाउनु परेका घटना अनगिन्ती भेटिए। झट्ट हेर्दा विकासको कार्यक्रम सुरु भएको देखिन्छ। डोजर इन्जिनियरहरूबाट कामचलाउ सडकहरू खन्न सुरु गरिएछन्। तर पनि डोल्पामा दुनैभन्दा माथि विकास उकालो लाग्न सकेको छैन। डोल्पाले शिक्षा, स्वास्थ्यलगायत दैनिक जीवनमा धेरै कष्ट भोग्दै जानुपर्छ। सुनको सिरानी हालेर नुनको खोजीमा दौडनुको बाध्यता उस्तै छ। दुः ख पचाएर भए पनि जीवन धान्नुपर्ने बाध्यता जीवनका हरेक खाल्डाखुल्टीमा टिलबिल छन्। उनीहरूका लागि जसरी पनि बाँच्नु थियो। जीवनमा बाँच्नुभन्दा ठूलो कुरा अरू हैन पनि, त्यसैले कर्णालीको जीवन एउटा गहिरो पाठशाला पनि हो। सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशले सामुदायिक विद्यालयको शिक्षाको स्तरोन्नतिका लागि नवीन कार्य आरम्भ गरे पनि अझै सुधार ल्याउन पर्छ कि ? सामुदायिक विद्यालयको वास्तविकता नियाल्दा राज्यले शिक्षा क्षेत्रमा ठूलो बजेट लगानी गरे पनि अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। डोल्पाका धेरै सामुदायिक विद्यालयको अवस्था निकै दयनीय छ। सामुदायिक विद्यालयमा गुणात्मक शिक्षा भएन, सहभागितामूलक विधि र पद्धति भएन भन्छौं तर शिक्षकलाई उपयुक्त तालिमको अभाव छ। हिमाली क्षेत्रमा शिक्षकलाई टिकाउन नै कठिन छ। कर्णालीका १० जिल्लाका वरिष्ठ शिक्षकहरूलाई विशिष्ट किसिमको तालिमसमेत दिए पनि तिनको प्रभावकारितामा प्रश्न उठ्छ। कर्णाली शिक्षा र स्वास्थ्यमात्र होइन, बहुआयामिक रूपमै गरिबीको चपेटामा छ। कर्णालीको शिक्षामा सुधार ल्याउन बहुआयामिक प्रयास आवश्यक छ। पहिलो, आधारभूत पूर्वाधारको विकास अत्यावश्यक छ। विद्यालयहरूमा पर्याप्त भवन, शौचालय, खानेपानी, पुस्तकालय र आईसीटीजस्ता सुविधा सुनिश्चित गर्नुपर्छ। दोस्रो, गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम र प्रेरित शिक्षकहरूको आवश्यकता छ। शिक्षकहरूको तालिम, निरन्तर क्षमता अभिवृद्धि र स्थानीय भाषामा अध्यापन सामग्रीको विकास महत्त्वपूर्ण हुन्छ। बालबालिकालाई विद्यालयमा आकर्षित गर्न पोषणयुक्त मध्याह्न भोजन, छात्रवृत्ति, र बालमैत्री वातावरण आवश्यक छ।

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं।
८. सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

खार्पुनाथ गाउँपालिका
हुम्ला

# बाजुराको बडीमालिका–१ लाई छाउ पडी गोठमुक्त वडा घोषणा गर्ने तयारी

नमस्ते समचारदाता
बाजुरा, माघ/२५



बाजुराको बडीमालिका नगर पालिका १ लाई छाउपडी गोठमुक्त वडा घोषणा गर्ने तयारी रहेको नगरपालिकाले वताएको छ। समाजमा महिनावारी भएको बेला महिलाहरुलाई घरभन्दा टाढा अलग्गै राख्ने र पोसिलोयुक्त खाने कुराबाट बन्चित गराउने प्रचलनको अन्त्य गर्नका लागि बडीमालिका नगरपालिकाले छाउपडी गोठमुक्त अभियान संचालन गरेको छ। कुरीतिको रुपमा रहेको छाउपडी प्रथालाई समाजबाट अन्त्य गर्नका लागि नगरपालिकाले सेवा क्षेत्रभित्र रहेका वडाहरुमा छाउपडी गोठको वर्तमान अवस्था र महिनावारी भएका बेला महिलाहरुले भोग्नुपरेको समस्यालाई मध्येनजर गर्दै त्यसको अन्त्यका लागि नगरपालिकाले अभियान नै संचालन गरेर अगाडि बढेको हो। महिनावारी भएका बेला छाउपडी महिलाहरुका लागि घर भन्दा टाढा अलग्गै राख्ने गरी बनाईएका छाउ गोठहरु नगरभित्रका वडा, टोल र समुदायबाट सधैका लागि अन्तय गर्न अभियान संचालन गरिएको बडीमालिका नगरपालिकाकी उपप्रमुख नन्दा कुमारी थापाले बताएकी छन्। महिनावारी भएका बेला महिला र किशोरीहरुले गोठमा बस्नुपर्ने बाध्यतालाई अन्त्य गर्नका लागि नगरपालिकाले गोठमुक्त अभियानलाई तिव्रता दिएको छ। उपप्रमुख थापाका अनुसार बडीमालिका नगरपालिकाभित्रका ९ मध्ये ६ वटा वडा छाउपडी गोठमुक्त वडा घोषणा भएका छन् भने १, ७ र ८ नम्वर वडालाई यहि आर्थिक वर्ष भित्र छाउपडी गोठमुक्त वडा घोषणा गर्ने गरी अभियान नै संचालन गरिएको छ। सोही क्रममा विहिबार नगरपालिकाको वडा नम्वर १ को पिनालेख, पाटा, नुवाकोट लगायतका टोलहरुमा महिनावारीका लागि घरभन्दा टाढा अलग्गै बनाईएका छाउगोठको अवस्था बारे उपप्रमुख थापाको नेतृत्वमा खटिएको टोलीले सयुक्त रुपमा अनुगमन गरेको छ। अनुगमनका क्रममा वडा नम्वर १ को पाटा गाउँमा पुग्दा त्यस क्षेत्रमा महिनावारीका लागि केही परिवारले मात्रै छाउपडीका लागि घरभन्दा टाढा बसाल्ने गरेको भेटिएको उपप्रमुख थापाले बताएकी छन्। उनले भनिन् वडाका विभिन्न टोलमा छाउपडी गोठ र महिनावारी भएका महिलाहरुको अवस्था बुझ्दा पहिले भन्दा अहिले धेरै जसो समुदाय परिवर्तन भएको पाईएको छ। अनुगमनका क्रममा महिनावारी भएका बेला बस्नका लागि बनाइएका गोठहरुलाई तत्काल भत्काएर घर मै सुरक्षित तरिकाले बस्ने गरि व्यवस्था मिलाउन समुदायलाई उपप्रमुख थापाले सुझाव दिएकी छन्। १ नम्बर वडाका विभिन्न टोलहरुमा छाउपडी गोठको अवस्था र छाउ भएका बेला महिला तथा किशोरीहरुलाई घर भन्दा टाढा राख्दा आईपर्ने समस्याहरुबाट बचाउन वडाबासीलाई सचेत गराइएको बडीमालिका नगरपालिका महिला तथा बालबालिका शाखाकी महिला सहायक निरिक्षक बिन्दु बडालले बताएकी छन्।छाउपडी कुप्रथा अन्त्य गर्न छाउ भएका महिला र किशोरीहरुलाई गोठमा अलग्गै राख्दा सर्पले टोक्ने, जंगली जनावरको सिकार हुने, बलाकृत हुने जस्ता घटनाबाट रोक्नका लागि छाउपडी गोठ हटाउन जरुरी रहेकोले यसमा सवैले साथ दिन आवश्यक रहेको महिला सहायक निरिक्षक शोभा शाहीले बताएकी छन्।

# ठुलीसाँघुमा पक्की पुल निर्माण कार्य सुरु, नगर प्रमुख खड्काद्वारा निग्रानी

नमस्ते समचारदाता
बाजुरा, माघ/२५



सदरमुकाम मार्तडी नजिकैको मार्तडी घट्मुना सडक खण्ड अन्तरगत रहेको बाउलीगाड अर्थात् ठुलीसाँघुमा पक्की पुल निर्माण कार्य अगि बढेको छ। सम्झौता सकिन एक महिना बाँकी रहदा ठेकदार सर्म्पकमा आएर काम सुरु गरेको हो। ३ वर्षभित्र निर्माण कार्यसक्ने गरी २०७७ फागुन १० गते सम्झौता गरिएको थियो। सम्झौता अनुसार आगामी फागुन ९ गतेसम्म सम्झौता सकिने मिति रहेको थियो। ठेकेदारका बदमासीका कारण सम्झौता मिति सकिन लाग्दा काम सुरु गरेको छ यसमा नगरपालिकाले निग्रानी बढाएको छ बडीमालिका नगरपालिका प्रमुख अमर खड्काले बताए। उनले भने यो काम नसकुन्जेल योजनामा निग्रानी रहने नगर प्रमुख खड्काले बताए। बडीमालिका नगरपालिकाका नगर प्रमुख खड्काले समयमै काम सक्न निर्देशन गर्नुका साथै हरेक दिन आफै अनुगमन गर्ने र दिन भर भएको कामको विवरण माग्ने कार्य भईरहेको नगरप्रमुख खड्काले बताए। यतिबेला भने ठेकेदार कम्पनी बिकोई बिल्डर्स प्रा.लि.टंगाल काठमाण्डौंले निर्माण कार्य सुरु गरेको व्यवस्थापक अरुण भट्टराईले बताएका छन्। १६ करोड २१ लाखमा सम्झौता गरिएको महाकाली पुल योजना महेन्द्रनगरका इन्जिनियर सन्तोष चन्दले बताएका छन। ६ पटक पत्राचार गर्दा पनि बेवास्ता गरेको ठेकेदार कम्पनी सम्पर्कमा आएर काम सुरु गरेको इन्जिनियर चन्दले बताएका छन्। ३० मिटर लम्बाई र ११ मिटर चौडाइको उक्त पक्की पुल निर्माण हुने भएपछि जिल्लाका तीनवटा स्थानीय तहका नागरिकलाई सहज हुने भएको छ। वर्षेनी वर्षाद्को समयमा गौमुल गाउँपालिका, बडीमालिका नगरपालिका र खप्तड छेडेदह गाउँपालिकाका नागरिकहरु हाल सास्ती खेप्दै आईरहेका छन्।

# बैजनाथकमा ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरण

नमस्ते समचारदाता
कोहलपुर, माघ/२५




सामाजिक उत्तरदायित्व अन्तर्गत कोहलपुर-१० स्थित जीवन ज्योती स्कुलमा कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूले कोहलपुर-१, कौशिलानगरमा रहेको जन ज्ञान ज्योती मा.वि. का गरिब तथा जेहेन्दार ५० जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेका छन्। विद्यार्थीहरूले पढाइमा सहजता ल्याउने उद्देश्यले उनीहरूलाई कापी, कलम, झोला, पेन्सिल विद्यालयको लागि नेपाली बृहत शब्दकोष, पठन पाठनमा चाहिने चार्ट पेपर लगायतका सामग्री प्रदान गरेका हुन्। जीवन ज्योती स्कुलका विज्ञान शिक्षक चेत चापागाईका अनुसार समाजमा सकारात्मक परिवर्तन ल्याउने तथा सहयोगी भावनाको विकास गर्न विद्यार्थीहरूले यो महत्वपूर्ण कार्य अघि बढाएका हुन्। जिवन ज्योतिका बिधार्थीहरुले आफ्नो खाजा खर्च कटाएर संकलन गरेको रकमबाट एक जना बिधार्थीलाई मोटामोटि ८ सय बराबरको शैक्षिक सामाग्री बितरण गरेका हुन्। कार्यक्रमको संयोजन जीवन ज्योती स्कुलको सामाजिक इको क्लब (Socio–Eco Club )ले गरेको थियो। यस क्लबले विद्यार्थीहरूलाई समाज सेवासँग जोड्ने, सामाजिक उत्तरदायित्व बुझाउने तथा परोपकारी भावना अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। जन ज्ञान ज्योती मा.वि. का प्रधानाध्यापक बिनोद शर्मा लम्सालले विद्यार्थीहरूलाई गरेको सहयोगका लागि जीवन ज्योती स्कुलका विद्यार्थीहरूलाई धन्यवाद व्यक्त गर्नुभएको छ। लम्सालको भनाइ अनुसार, यस्तो खालको सहयोगले विद्यार्थीहरूलाई शिक्षामा प्रेरित गर्ने र उनीहरूको आत्मविश्वास वृद्धि गर्न मद्दत गर्नेछ। स्थानीयहरूका अनुसार, निजी विद्यालयका विद्यार्थीहरूले सार्वजनिक विद्यालयका विद्यार्थीहरूको सहयोगमा हात बढाउनु सकारात्मक सन्देश हो। यस्ता सामाजिक अभियानलाई निरन्तरता दिँदै जानुपर्नेमा उनीहरूले जोड दिएका छन्।

# भूमि आयोग हुम्लामा ढकाल, सुनार र लामा नियुक्त

नमस्ते समचारदाता
हुम्ला, माघ/२५

सरकारले गठन गरेका भूमि आयोगका सदस्य मध्ये एक सय एक जनालाई नियुक्त गरेको छ। ५१ जिल्लाका भूमि समस्या समाधान आयोगको जिल्ला समितिमा १०१ जना सदस्य नियुक्त भएका छन्। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले पहिलो चरणमा उनीहरूलाई नियुक्त गरेका हुन्। केन्द्रमा राष्ट्रिय भूमि समस्या समाधान आयोग र जिल्लास्तरमा एक जना अध्यक्ष, विज्ञ र महिलासहित ३ जना सदस्य रहने व्यवस्था अनुसार मन्त्री अधिकारीले शुक्रवार १०१ जनालाई सदस्य पदमा नियुक्त गरेको मन्त्रालयले जनाएको छ। मन्त्री अधिकारीले छिट्टै सबै जिल्लामा भूमि समस्या समाधान आयोगले पूर्णता पाउने र वर्तमान सरकारकै पालामा भूमि समस्याको दिगो समाधान हुने विश्वास व्यक्त गरे। सरकारले भूमि क्षेत्रका समस्याहरूलाई दिगोरुपमा समाधान गर्न चाहेको मन्त्री अधिकारी भनाइ छ। यसअघि नै मन्त्रालयले जिल्लाहरूमा आयोगको जिल्ला समितिमा अध्यक्ष चयन गरिसकेको छ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

# त्रिकोणात्मक टी-२० सिरिजः नेपाल जितविहीन, च्याम्पियन बन्यो थाइल्यान्ड

■ नमस्ते समचारदाता
काठमाडौं, माघ/२५



घरेलु मैदानमा जारी त्रिकोणात्मक टी-२० सिरिजमा नेपाल लज्जास्पद प्रदर्शन गर्दै जितविहीन रहेर प्रतियोगिताको अन्त्य गर्न बाध्य भएको छ। शुक्रबार भएको सिरिजको अन्तिम खेलमा नेपाल थाइल्यान्डसँग ७ विकेटले पराजित भयो। जितसँगै थाइल्यान्ड तालिकाको शीर्ष स्थानमा रहँदै च्याम्पियन बन्यो। त्रिकोणात्मक टी-२० सिरिजमा नेपाल, थाइल्यान्ड र नेदरल्यान्ड्सले एक अर्काविरुद्ध समान ३-३ खेल खेलेका थिए। नेपाल कुल ६ खेलमै पराजित हुँदा थाइल्यान्डले सानदार प्रदर्शन गर्दै ६ मध्ये ५ खेलमा जित निकाल्दै १० अङ्क बनाएर च्याम्पियन बन्यो। ८ अङ्क बनाएको नेदरल्यान्ड्स तालिकाको दोस्रो स्थानमा रहँदा नेपाल भने अङ्कको खाता खोल्न असफल बन्यो। टियू मैदान कीर्तिपुरमा शुक्रबार टस जितेर पहिले ब्याटिङ गर्दै नेपालले दिएको ८२ रनको लक्ष्य थाइल्यान्डले १७ ओभरमा ३ विकेट गुमाएर पूरा गर्‍यो। थाइल्यान्डको जितमा कप्तान नरुमोल चाइवाइले २७ रनको अविजित इनिङ्स खेल्दा ननापट कोनचारोएनकाइले २३ रन बनाइन्। थप दोहोरो स्कोरका रुपमा नत्या बोचहथमले ११ रन बनाएकी थिइन्। नेपालका लागि इन्दु बर्माले २ विकेट लिँदा पूजा महतोले अर्को एक विकेट लिइन्। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर ८१ रन बनाएको थियो। नेपालका लागि सम्झना खड्काले १७ रन बनाउनु सर्वाधिक रह्यो। उनीबाहेक कप्तान इन्दु बर्माले १० रन, कविता जोशीले १४ रन बनाउँदा राजमती ऐरीले ११ रनको नटआउट इनिङ्स खेलिन्। नेपाललाई सस्तैमा समेट्ने क्रममा थाइल्यान्डकी ओनाची कामचोम्पले ३ विकेट लिँदा चानिदा सुथुरुङ, नत्या बोचाथम र सुलपोर्न लाओमीले १-१ विकेट लिएका थिए। योसँगै सिरिजमा थाइल्यान्डले ६ खेलबाट १० अङ्क बनाएर शीर्ष स्थानमा रह्यो। नेदरल्यान्ड्स ८ अङ्कका साथ दोस्रो स्थानमा रह्यो। थाइल्यान्डले एक खेलमात्र हार्न पुगेको थियो। समग्र सिरिजमा नेपाले बिर्सनलायक प्रदर्शन गर्दै प्रतियोगिताको अन्त्य गर्‍यो।


नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अबं तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक
भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार

रंगिन टिभी एकजनालाई

१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा


# समयमा सम्पन्न गर्न संसदीय समितिको निर्देशन

■ नमस्ते समचारदाता
सुर्खेत, माघ/२५



कर्णाली प्रदेशमा हुने १० औं राष्ट्रिय खेलकुद तोकिएकै समयमा सम्पन्न गर्न संसदीय समितिले निर्देशन दिएको छ। शुक्रवार सिंहदरबारमा बसेको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले १० औं राष्ट्रिय खेलकुद तोकिएको समयभित्रै सम्पन्न गर्न युवा तथा खेलकुद मन्त्रालयलाई निर्देशन दिएको हो। समितिको बैठकको निर्णय सुनाउँदै समिति सभापति अम्मरबहादुर थापाले तोकिएको समयभित्रै १० औं राष्ट्रिय खेलकुद सम्पन्न गर्नेगरी आवश्यक काम शुरु गर्न युवा तथा खेलकुद मन्त्रालयलाई निर्देशन दिए। त्यसका लागि द्रुत स्तरमा काम गर्न आग्रह गरे। उनले भने,'हाम्रो समितिको चाहना समयमै खेलकुद होस् भन्ने हो। समयमा खेलकुद गर्न कसरी फास्टट्र्याकमा जान्छ, खेलकुद मन्त्रालय, अर्थ मन्त्रालयलाई विशेष बढी प्रेसर हुनेछ। यसका फास्टट्र्याकमा जाने विधि र प्रक्रिया के हुन्। अर्थ मन्त्रालयबाटै खोलेर २३ गते नै सक्नेगरी काम गर्नुपर्छ। तोकिएकै समयमा १० औं राष्ट्रिय खेलकुद गर्न फास्टट्र्याकमा जानुहोला। कसरी हुन्छ त्यो व्यवस्था मिलाउनुस्।'गत मंसिर २ देखि ९ गतेसम्म कर्णालीमा १० औं राष्ट्रिय खेलकुदको आयोजना मिति तोकिएको थियो। तोकिएको समयमा भौतिक पूर्वाधारहरु निर्माण गर्न नसक्दा सरकारले चैत्र २३ गतेबाट गर्ने घोषणा गरिएको थियो। पोखरामा सम्पन्न नवौं राष्ट्रिय खेलकुदबाट १० औं राष्ट्रिय खेलकुद कर्णालीले गर्नेगरी झण्डा हस्तान्तरण गरिएको थियो।

# प्रधानसेनापति खुला म्याराथन फागुन १० गते

■ नमस्ते समचारदाता
काठमाडौं, माघ/२५




नेपाली सेनाले सेना दिवसको अवसरमा प्रधानसेनापति खुला म्याराथन-२०८१ आयोजना गर्ने भएको छ। शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै नेपाली सेनाले २६२ औं सेना दिवसको अवसरमा फागुन १० गते प्रधानसेनापति खुला म्याराथन-२०८१ आयोजना गर्ने जानकारी दिएको हो। पत्रकार सम्मेलनमा बोल्दै प्रमुख सेनानी नरेश केसीले ४२.१९५ कि.मि. पुरुष खुला म्यारथन र हाफ म्याराथन २१ कि.मि महिला र पुरुष दुवैको लागि खुल्ला रहेको बताए। उनले १० कि.मि.को म्याराथन नेपाली सेनाका सैनिक अधिकृतहरु महिला र पुरुष दुवैको लागि रहेको बताए। उनले १० कि.मि.को म्यारथनमा नेपाली सेनाका विभिन्न तहमा कार्यरत कर्मचारी र काठमाडौं उपत्यकाका अवकाश प्राप्त सकलदर्जाका १२ कक्षासम्म पढ्ने छोरा छोरीहरुले पनि भाग लिन पाउने उल्लेख गरे।उनले ५ कि.मि. वाकाथन प्रमुख अतिथि र आमन्त्रित व्यक्तिहरुको लागि राखिएको जानकारी दिए। उनले ५ कि.मिमा सैनिक महाविद्यालय र विद्यालयमा अध्ययनरत छात्रछात्राहरुले सहभागिता जनाउन पाउने बताए। उनले प्रधानसेनापति खुला म्याराथन-२०८१ मा ३ हजार सहभागी हुने अपेक्षा रहेको बताए। उनले प्रधानसेनापति खुला म्याराथन-२०८१ मा प्रथम हुनेले ३ लाख रुपैयाँ राशिको पुरस्कार पाउने बताए। उनले द्वितीयलाई २ लाख, तृतीय हुनेलाई १ लाख, चौथो हुनेलाई ५० हजार, पाँचौंलाई ३० हजार, छैंठौंलाई २५ हजार, सातौंलाई २० हजार,आठौंलाई १५ हजार, नवौंलाई १० हजार र दसौं हुनेलाई ५ हजार रुपैयाँ रहेको बताए। यस्तै, उनले २१ कि.मि. हाफ म्याराथनमा प्रथम हुने महिला र पुरुष दुवैले ७५ हजार, द्वितीयले ५० हजार र तृतीयले ३५ हजार रुपैयाँ पाउने बताए। उनले १० कि.मि. दौडमा प्रथम हुनेलाई १० हजार रुपैयाँ राशिको पुरस्कार रहेको बताए। उनले म्याराथन तथा हाफ म्याराथन विजेताहरुलाई यामाहा कम्पनीको मोटरसाइकल तथा स्कुटर प्रदान गरिने बताए। सेनाका अनुसार खुला म्याराथनमा भाग लिन निःशुल्क दर्ताको व्यवस्था गरिएको र माघ ३० गतेसम्म दर्ता गरिसक्नुपर्नेछ।

## मोबाईलको लतबाट बालबालिकालाई बचाऔं

मोबाईलको लतबाट:

- निद्रा ढिलो लाग्ने, पातलो हुने र पटक-पटक ब्युझने समस्या हुनसक्छ,
- मोबाईल देखाएर खाना खुवाउनाले पोषण तथा पाचनप्रणाली सम्बन्धी समस्या आउन सक्छ,
- मोबाईलको लत लागेका बालबालिकामा एकोहोरो हुने, रिसाउने, झर्किने, रुने, दोहोरो कुरा नगर्ने लगायतका समस्या देखिन सक्छन्,
- लामो समय मोबाईल हेर्ने बालबालिकामा निद्रा लाग्ने हार्मोन उत्सर्जनमा समस्या हुन

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके